# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ६) झापा, भाद्र २८ गते, २०७९ साल (संख्या १**


**भाग २**

# शिवसताक्षी नरपालिकाको शैक्षिक छात्रावृत्ती वितरण कार्यविधि, २०७९


नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०७९-०५-२३

प्रमाणिकरण मितिः २०७९-०५-२८


## शिवसताक्षी नगरपालिकाको शैक्षिक छात्रावृत्ती वितरण कार्यविधि, २०७९

प्रस्तावनाः लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न , दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक तथा सिमान्तकृत समुदाय अन्तरगतका विद्यार्थिहरुलाइ शैक्षिक छात्रावृत्ती प्रदान गर्न वान्छनिय भएकोले नेपालको संविधान, २०७२ को अनुसुची-८ र स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ११ को उपदफा (ज) र शिवसताक्षी नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ७६ ले दिएको अधिकार प्रयोग गरी शिवसताक्षी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र परिभाषाः

(१) यो कार्यविधिको नाम "शिवसताक्षी नगरपालिका शैक्षिक छात्रावृत्ती वितरण कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिले लागु हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “कार्यपालिका“ भन्नाले शिवसताक्षी नगरपालिका नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) “नगर प्रमुख“ भन्नाले शिवसताक्षी नगरपालिका नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शिवसताक्षी नगरपालिका प्रमुख प्रशासकीयलाई सम्झनु पर्दछ ।

(घ) “एम बि बि एस” भन्नाले चिकित्सा विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

(ङ) “वि भि एस्सी एण्ड ए एच” भन्नाले पशु चिकित्सा विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

(च) “बि एस एजी” भन्नाले कृषि विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

(छ) “बि एस्सी फोरेष्टी” भन्नाले वन विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

(ज) “शिक्षा शाखा” भन्नाले नगरपलिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्दछ ।

(झ) “सिटिइभिटि” भन्नाले प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सम्झनु पर्दछ ।

(ञ) “सामुदायिक विद्यालय” भन्नाले स्थानीय तह वा व्यवस्थापन समितिले जिम्मा लिएको विद्यालय सम्झनु पर्दछ ।

(ट) “डिप्लोमा” भन्नाले प्राविधिक प्रविणता प्रमाणपत्र तहको जुनसुकै कोर्षलाइ सम्झनु पर्दछ ।

(ठ) “एल एल बी” भन्नाले कानुन विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

(ड) “बी ई” भन्नाले ईन्जिनियरिङ विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

(ढ) “सामाजिक विकास शाखा” भन्नाले नगरपलिकामा रहेको सामाजिक विकास शाखालाई सम्झनु पर्दछ ।

(ण) “आयुर्वेद कविराज” भन्नाले आयुर्वेद विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

(त) “वडा समिति” शिवसताक्षी नगरपालिकाको वडा समितिलाइ सम्झनु पर्दछ ।

## परिच्छेद २

## छात्रावृती प्रदान विषय र आवश्यक न्युनतम योग्यता

३. यो कार्यविधि अन्तरगत प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र र स्नातक तहमा अध्ययनको लागि तपशिलमा उल्लेख भए बमोजिमको कोर्षहरु अध्ययन गर्न छात्रावृत्ति प्रदान गर्न सकिनेछ । छात्रावृत्ति प्रदान गर्दा नेपाल सरकारको नियमानुसार जम्मा लाग्ने शुल्कको बढीमा ५० प्रतिशत सम्म प्रदान गरिने छ ।

(क) प्रविणता प्रमाणपत्र तह

(१) प्रमाणपत्र तह नर्सिङ

(२) डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान)

(३) डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान)

(४) डिप्लोमा इन फरेष्टी

(५) डिप्लोमा इन सिभिल इन्जिनियरिङ/ आर्किटेक्चरल

(६) डिप्लोमा इन इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिकस्स इन्जिनियरीङ

(७) प्रमाणपत्र तह सामान्य चिकित्सा

(८) प्रमाणपत्र तह डेन्टल साइन्स

(९) प्रमाणपत्र तह आयुर्वेद विज्ञान

(१०) डिप्लोमा इन जियोमेट्रिक्स

(११) डिप्लोमा इन अप्थाल्मिक साइन्स (आखाँको अध्यन गर्ने विज्ञान)

४. स्नातक तह

(क) छात्रावृत्ती विधा

(१) बी फार्मेसी

(२) बी एस्सी एजी

(३) बी भि एस्सी एण्ड ए एच

(४) एम बी बी एस

(५) बी ई (सिभिल/आर्किटेक्चरल/ मेकानिकल/ इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिकस्स)

(६) एल एल बी

(७) बी फोरेष्टी

(८) बी डेन्टल साइन्स

(९) बी एस सी नर्सिङ

(ख) स्नातकोत्तर, एम फील र विद्यावारीधीको हकमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

(ग) छात्रावृती प्राप्त गर्न आवश्यक न्युनतम योग्यता वा प्राप्ताङ्कको हकमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण सस्थाले तोकेको न्युनतम मापदण्ड अनुसार हुनेछ ।

(घ) दफा ४ र ५ मा जुनसुकै कुरा उल्लेख भएपनि अन्य विषय वा विधा अध्ययन गर्ने र दफा ३ मा उल्लेख भएभन्दा बढी छात्रावृत्तीको लागि दलित, अति गरिब तथा जेहेन्दार विद्यार्थिलाई छात्रावृत्ती छनोट समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार छात्रावृती प्रदान गर्न सकिनेछ ।

परिच्छेदः ३

छात्रावृत्तीको लागि आधारभुत मापदण्ड

५. देहायको मापदण्ड वा योग्यता पुगेको अवस्थामा मात्र अनुसुची १ बमोजिम निवेदन उपर कारबाही गरी यो छात्रावृत्ति प्रदान गर्न सकिनेछ ।

(१) शिवसताक्षी नगरपालिकाभित्र स्थायी बसोबास भएको साथै नीज वा निजका घरमुली परिवारको शिवसताक्षी नरपलिकाको मतदाता नामावलीमा नाम भएको

(२) अति विपन्न र जेहेन्दार

(३) फौजदारी अभियोगमा कसुरदार नठहरिएको

(४) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड पुरा गरेको

(५) सामुदायिक विद्यालयबाट एस एल सी / एस इ इ उत्तिर्ण गरेकोलाइ प्राथमिकता

(६) अनुसुची २ बमोजिम प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेको

(७) छात्रावृत्ती पाउने लाभग्राहिले अध्ययन पश्चात कम्तिमा १ वर्ष नगरपालिका निशुल्क सेवा गर्नुपर्नेछ ।

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनी एउटै ब्यक्ती वा विद्यार्थिले यो छात्रावृती एक पटक मात्र पाउनेछ ।

## परिच्छेद ४

## छात्रावृत्ति छनोट तथा सिफारिस समित

६. छात्रावृत्ति प्रदान गर्ने प्रयोजनका लागि देहायबमोजिमको छात्रावृत्ति छनोट समिति रहनेछ

(क) समिति

(१) नगर प्रमुख संयोजक

(२) नगर उपप्रमुख सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृत सदस्य

(४) सामाजिक विकास समितका संयोजक सदस्य

(५) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

स्पष्टिकरणः उल्लेखित समितिले शैक्षिक छात्रावृत्तीको लागि स्थलगत निरिक्षण गर्दा संबन्धीत वडाको वडाध्यक्ष सहित निरिक्षण पश्चात प्राप्त प्रस्ताव उपर अध्ययन गरि छात्रावृत्तीको लागि सिफारिस गर्नेछ ।

## परिच्छेद ५

८. बजेट व्यवस्थापनः

(१) छात्रावृत्ति प्रदान गर्ने उदेश्यले वार्षिक कार्यक्रम समावेश गरिएका योजना तथा कार्यक्रममा निर्दष्ट गरिएको रकम यसको बजेट मानिनेछ ।

(२) नगरपालिकको वार्षिक योजनामा समावेश भएका शैक्षिक छात्रावृत्ती (वडाको योजना समेत) यसै कार्यविधि अन्तरगत संचालन हुनेछ तर दोहोरो सुविधा प्राप्त नहुने।

परिच्छेद ७

अनुसुचिहरुः

अनुसची १

| |
|---|
| दुबै कान देखिने<br>हालसालै खिचिएको<br>फोटो |

छात्रावृत्ति आवेदन फारम

मितिः ............/.........../............

विषयः शैक्षिक छात्रावृत्ती उपलब्ध गरिदिने संबन्धमा ।

श्री शिवसताक्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, झापा

प्रस्तुत विषयमा यस नगरपलिका वडा नं ....... स्थायी निवासी ......................... नाती/नातिनी ............................ को छोरा/छोरी म .................................... ले नगरपालिकाबाट उपलब्ध हुने शैक्षिक छात्रावृत्ति ..................... संकायको ............................. विश्वविद्यालयको .......................... डिप्लोमा/स्नातक तह ........................... विद्यालय/क्यमप्पस अध्ययनको लागि छात्रावृत्ति पाँउ भनि म र देहाय अनुसार मेरो एकाघर परिवाको आर्थिक अवस्था र आम्दानीको श्रोत उल्लेख गरि  छात्रावृत्ती पाउन योग्य भएको भएको महशुस गरि यो निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

आफ्नो शैक्षिक प्रमाणपत्रको विवरण

| क्र सं | शैक्षिक संस्था | शैक्षिक वर्ष | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

देहायकोः

१) म/मेरो एकाघर परिवारको भौतिक सम्पतीः

मेरा बाबु/आमा/हजुरबुबा/हजुरआमा का नाममा दर्ता कायम रहेको साविक............... भै  हाल शिवसताक्षी नगरपालिका वडा नं .... मा पर्ने कित्ता नं .......... को .....................  क्षेत्रफल भएको जग्गा

२) मेरो एकाघर परिवारको आम्दानीको श्रोतः भएको भए उल्लेख गर्ने ।

नोकरीः भएको/नभएको , ..........................................................

बैदेशिक रोजगारीः भएको/नभएको ..........................................................

व्यपार व्यवसायः भएको/नभएको ..........................................................

पेन्सनः भएको/नभएको ..........................................................

अन्यः

निवेदकः

दस्तखतः

पुरा नामः

संपर्क नं

इमेल

अनुसची २

प्रतिवद्धता पत्र

यस नगरपलिका वडा नं ....... स्थायी निवासी ......................... नाती/नातिनी ............................. को छोरा/छोरी म .................................... ले गरपालिकाबाट वितरण हुने शैक्षिक छात्रावृत्ति प्राप्त गरी अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात नगरपालिकामा कम्तिमा ................. वर्ष स्वयमसेवक सेवा गर्ने प्रतिवद्धता जारेह गर्दछु ।

दस्तखतः

पुरा नामः

संपर्क नं

इमेल

| औँठाछाप | |
|---|---|
| दाँया | बाँया |
| | |

**आज्ञाले**

**अमृत बहादुर राई**

**प्रमुख प्रशासकीय अधिकृत**